# चौतारा साँगाचोकगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

बागमती प्रदेश

**सिन्धुपाल्चोक, चौतारा**

पत्र सः २०७८/०७९
चलानी नं ६५

---

मितिः २०७८/०७/०९

श्री तपसिलका विद्यालय तथा बालविकास केन्द्र
चौतारा साँगाचोकगढी नगरपालिका ।

विषयः इमीस अद्यावधिक गर्ने अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७८ को इमीस अद्यावधिक गर्न थपिएको तेस्रो पटकको अन्तिम म्याद २०७८ भदौ मसान्तमा समाप्त भएको र तपसिलका विद्यालयहरु तथा बालविकास केन्द्रहरुलाई पटक पटक ताकेता गर्दा पनि इमीस अद्यावधिक नगरेको हुँदा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको प.स. शै.सू. व्य. को मिति २०७८।०७।०७ च.नं : ४५ अनुसार एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा हालसम्म अद्यावधिक भएका स्थानीय तहगत विद्यालय र बालविकास केन्द्रले मिति २०७८ कार्तिक मसान्तभित्र अनिवार्य रुपमा विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुन, अन्यथा उक्त विद्यालयहरुले प्राप्त गर्ने अनुदान र सो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले प्राप्त गर्ने सेवा सुविधाबाट बञ्चित हुने, कक्षा ८ लगायत अन्य कक्षाहरुको नतिजा व्यवस्थापन IEMIS बाट गर्न सम्पूर्ण (सार्वजनिक र संस्थागत) विद्यालयहरुलाई IEMIS अद्यावधिक गर्न लगाउन हुन र IEMIS अद्यावधिक नगर्ने विद्यालयहरुको विद्यार्थी विवरण IEMIS प्रणालीमा नहुने हुनाले विद्यार्थीको नतिजा प्रमाणीकरण नहने व्यहोरा सम्बन्धित विद्यालयहरुलाई जानकारी गराई IEMIS अद्यावधिक नगर्ने विद्यालयहरुको सूचि यस केन्द्रलाई उपलब्ध गराइदिनु हुनका साथै यसरी स्थानीय तहबाट प्राप्त जानकारी आधारमा उक्त विद्यालयको अभिलेख IEMIS प्रणालीबाट हटाइने र कक्षा ८ को अन्तिम परीक्षा यस प्रणालीबाट गर्न नसकिने व्यहोरा जानकारी गराइदिनु हुन भन्ने व्यहोराको पत्र प्राप्त भएकोले यो सूचना प्रेषित गरिएको छ । २०७८ कार्तिक मसान्तभित्र अद्यावधिक गर्नु हुन सूचित गराइन्छ अन्यथा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीको पत्रानुसार हुने व्यहोरा अनुरोध छ ।

**राजुभाइ श्रेष्ठ**
**अधिकृतस्तर सातौं**

तपसिलः

१. श्री आदर्श आधारभूत विद्यालय कदमबास
२. श्री जनकल्याण आधारभूत विद्यालय कुविण्डे
३. जनकल्याण आधारभूत विद्यालय साँगाचोक
४. श्री जनता आधारभूत विद्यालय सानोसिरुवारी
५. जनचेतना आधारभूत विद्यालय सानोसिरुवारी
६. श्री जालपादेवी आधारभूत विद्यालय सानोसिरुवारी
७. भैरवी बालविकास केन्द्र स्याउले
८. श्री रक्तकाली आधारभूत विद्यालय स्याउले
९. श्री ब्रम्हायणी बालविकास केन्द्र बतासे
१०. सेतीदेवी पञ्चन्या बालविकास केन्द्र बतासे